# भूमिगत जल सिंचाइ आयोजना कार्यान्वयन (पहिलो संसोधन) कार्यविधि, २०८०

**प्रस्तावना** : भूमिगत जलस्रोतको सम्भाव्य क्षेत्र र सिंचाइको लागि अन्य वैकल्पिक सिंचाई सुविधा नभएका कृषियोग्य भूमिमा भूमिगत जल सिंचाइ प्रणाली विकास गरी भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन कृषकहरुको सहकार्यमा सिंचाई आयोजनाको पहिचान, छनौट, प्राथमिकता निर्धारण गरि प्रदेशभर एकरुपता कायम गरी कार्यान्वयन गर्न र भूमिगत जलस्रोत सम्बन्धि अध्ययन अनुसन्धान गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २(१)बमोजिम लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "भूमिगत जल सिंचाइ आयोजना कार्यान्वयन (पहिलो संसोधन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, –

(क) " आयोजना" भन्नाले डीप टयूबवेल वा स्यालो टयूबवेल वा दुवै प्रविधि मिश्रित सिंचाइ आयोजनालाई सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले भूमिगत जल सिंचाइ प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने निजी फर्म वा कृषकको समूहलाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले, मन्त्रालय मातहतको भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "डीप टयूबवेल" भन्नाले ७० मिटर वा सो भन्दा बढि गहिराइको र ६ इन्च वा सो भन्दा बढि व्यासको टयूबवेललाई सम्झनु पर्छ ।

(ङ) "पावर ड्रिल स्यालो टयूबवेल" भन्नाले ड्रिलिङ्ग मेशिनको प्रयोग गरी निर्माण गरिने ७० मिटर भन्दा कम गहिराइको र ६ इन्च वा सो भन्दा कम व्यासको टयूबवेललाई सम्झनु पर्छ ।

(च) "भूमिगत जल सिंचाइ प्रणाली" भन्नाले डीप टयूबवेल वा पावर ड्रिल स्यालो टयूबवेल वा स्यालो टयूबवेलमा जडान भएका पम्प, ओभरहेड टयांक, पम्पघर, विद्युतीकरण वा वैकल्पिक उर्जाद्धारा संचालित पम्प र पानी वितरण प्रणाली सहितको संरचनालाई सम्झनु पर्छ ।

सचिव

(छ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम सिंचाइ सम्वन्धि कार्य जिम्मेवारी भएको मन्त्रालय सम्झनु पर्छ ।

(ज) "स्यालो टयूववेल" भन्नाले ७० मिटर भन्दा कम गहिराइको स्थानीय ढिकुली वा ठोकुवा प्रविधिद्वारा निर्माण हुने ६ इन्च वा सो भन्दा कम व्यासको टयूववेल वा दुई वा तीन वटा आपसमा जोडिएका टयूववेलहरुको समुह वा बढिमा ३० मिटर गहिराइको इनारलाई सम्झनु पर्छ ।

(झ) "सम्झौता" भन्नाले आयोजना कार्यान्वयनका लागि दफा ११ वमोजिमको संस्था र कार्यालय बीच भएको सम्झौतालाई सम्झनु पर्छ ।

(ञ) "संस्था" भन्नाले दफा १० बमोजिम गठन भएको उपभोक्ता संस्थालाई सम्झनु पर्छ र सो शब्दले योजनाबाट लाभान्वित हुने उपभोक्ता समूहलाई समेत जनाउँछ ।

(ट) "सिंचित क्षेत्र" भन्नाले भूमिगत जल सिंचाइ प्रणालीवाट सिंचाइ हुने क्षेत्रलाई सम्झनु पर्छ ।

३. कार्यविधिको उद्देश्यहरु : (१) यस कार्यविधिको प्रमुख उद्देश्य भूमिगत जलस्रोत सम्वन्धि अध्ययन अनुसन्धान, भूमिगत जल सिचाई प्रणालीको छनौट, पहिचान र कार्यान्वयन गरी कृषि योग्य क्षेत्रहरुमा आयोजना निर्माण गरी सिंचाइ सुविधा उपलब्ध गराउन तथा निर्माण भएका आयोजनाको दिगो एवम् प्रभावकारी रुपले सञ्चालन गर्नु रहेको छ ।

(२) उपदफा (१) मा उल्लेखित प्रमुख उद्धेश्यका साथै यो कार्यविधिको देहाय बमोजिमका कार्यमूलक उद्धेश्यहरु रहेका छन् :-

(क) आयोजना पहिचान र छनौट गर्दा जनसहभागिता सुनिश्चित गरी आयोजना सञ्चालनमा प्रभावकारीता ल्याउने,

(ख) कार्य पद्धतिमा एकरुपता तथा पारदर्शिता ल्याई आयोजनालाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने,

(ग) प्रदेश सरकारले उपलब्ध गराउने अनुदान वितरण प्रक्रियालाई व्यवस्थित बनाउने,

(घ) उपभोक्ताहरुमा सिंचाई आयोजनाप्रति अपनत्वको भावना जगाई आयोजना सञ्चालनमा उपभोक्ताको क्षमता अभिवृद्धि गर्ने ।

## परिच्छेद – २

## आयोजनाको छनौट सम्बन्धी व्यवस्था



सचिव

४. <u>सूचना प्रवाह गर्नुपर्ने</u> : (१) आयोजनासँग सम्बन्धित कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्रका कृषकहरुलाई आयोजनाको पहिचान र छनौटका मापदण्ड, अनुमानित लागत, कार्यान्वयन अवधि तथा अपनाइने प्रक्रिया समेतका आधारभूत विषयहरुको जानकारी कार्यालयको सूचना पाटी, पर्चा, पत्रपत्रिका, सामाजिक सञ्जाल तथा स्थानीय एफ.एम. रेडियोहरु मार्फत गराउनु पर्नेछ ।

५. <u>आयोजना पहिचान गर्नुपर्ने</u> : (१) यो कार्यविधि बमोजिम डिप ट्यूववेल सिचाइ आयोजनाको हकमा देहाय बमोजिम हुनुपर्नेछ :-

(क) आयोजनाको सिंचित क्षेत्रफल : क्लष्टरको रुपमा डिप ट्यूववेल सिचाई प्रणाली विकास गर्ने प्रयोजनका लागि तराई तथा भित्री मधेशमा ९० हेक्टर वा सोभन्दा बढी क्षेत्रफल हुनु पर्नेछ ..........................................................।

तर भौगोलिक बनावट वा जग्गा खण्डिकरणका कारण उल्लेखित क्षेत्रफल भन्दा कम सिंचित क्षेत्रफलमा पनि योजना पहिचान गरी डिप ट्यूववेल सिचाई प्रणाली विकास गर्न सकिनेछ ।

(ख) आयोजना डीप ट्यूववेल सिंचाइको दृष्टिकोणले सम्भाव्य भएको हुनुपर्नेछ ।

(ग) आयोजना क्षेत्र सडक सञ्जालसँग जोडिएको हुनुपर्नेछ र ११ Kva विद्युत प्रसारण लाईनको नजिक भएको हुनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम ....... पावर ड्रिल स्यालो ट्यूववेल सिंचाइ आयोजनाको हकमा देहाय बमोजिम हुनुपर्नेछ :-

(क) पावर ड्रिल स्यालो ट्यूववेल सिचाई आयोजनाको सिंचित क्षेत्रफल : क्लष्टरको रुपमा ..... पावर ड्रिल स्यालो ट्यूववेल सिंचाई प्रणाली विकास गर्ने प्रयोजनका लागि तराईमा कम्तिमा २५ हेक्टर, भित्रि मधेश तथा भावर क्षेत्रमा १० हेक्टर र पहाडी क्षेत्रको भूभागमा ०.५ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल हुनुपर्नेछ ।

तर भौगोलिक बनावट वा जग्गा खण्डिकरणका कारण उल्लेखित क्षेत्रफल भन्दा कम सिंचित क्षेत्रफलमा पनि मन्त्रालयको स्वीकृति लिई स्यालो ट्यूववेल सिचाई प्रणाली विकास गर्न सकिनेछ।

(ख) आयोजना ..... पावर ड्रिल स्यालो ट्यूववेल सिंचाइको दृष्टिकोणले सम्भाव्य भएको हुनु पर्नेछ. ।

(ग) .......

(घ) पावर ड्रिल स्यालो ट्यूववेलको हकमा विद्युत लाईन पुगेको क्षेत्र हुनु पर्नेछ ।

(३) स्यालो ट्यूववेल सिचाइ आयोजनाको हकमा देहाय बमोजिम हुनुपर्नेछ :-



सचिव

(क) स्यालो ट्यूववेल सिचाई आयोजनाको सिंचित क्षेत्रफल : क्लष्टरको रुपमा स्यालो ट्यूववेल सिचाई प्रणाली विकास गर्ने प्रयोजनका लागि तराई क्षेत्रमा कम्तिमा २० हेक्टर , भित्रि मधेश तथा भावर क्षेत्रमा कम्तिमा १५ हेक्टर र पहाडी क्षेत्रको भूभागमा २.५ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल हुनुपर्नेछ ।

(ख) आयोजना स्यालो ट्यूबवेल सिंचाइको दृष्टिकोणले सम्भाव्य भएको हुनुपर्नेछ ।

(ग) भौगर्भिक तथा भू-जलको हाईड्रोजियोलोजिकल अवस्थाको आधारमा स्थानीय प्रविधिका (ढिकुली वा ठोकुवा) स्यालो ट्यूववेल अथवा इनार आयोजना छनौट गरिनेछ ।

६. आयोजना माग गर्ने विधि : (१) सम्बन्धित कृषकहरुले तदर्थ जल उपभोक्ता संस्थाको गठन गरी वा कानून बमोजिम दर्ता भएका जल उपभोक्ता संस्था मार्फत अनुसूचि -१ बमोजिमको फारम र सम्वन्धित स्थानीय तहको सिफारिस सहित सम्बन्धित कार्यालयमा आयोजनाका लागि माग गर्नु पर्नेछ ।

तर दफा ७ को उपदफा (७) बमोजिमको निजी फर्म, कृषक समूह वा सहकारी संस्थाले अनुसूचि -१ बमोजिमको माग फाराम भरी आयोजनाको माग गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको कृषकहरुको माग फारामको साथमा कृषकहरुको नाम, ठेगाना, जग्गाको क्षेत्रफल र कित्ता नम्बर खुलेको विवरण, प्रस्तावित सिंचित क्षेत्र, अनुसूची -२ बमोजिमको लगत फाराम, जग्गाको जग्गा धनीपुर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि, जल उपभोक्ता तदर्थ समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, उपभोक्ताहरुको आमाभेलाबाट आयोजना माग गर्न गरिएको निर्णय प्रतिलिपि, कित्ता नं. खुल्ने हालसाविक नापी नक्सा तथा कार्यालयले आवश्यक रहेको भनि तोकेका अन्य विवरण समेत साथै राखी पेश गर्नु पर्नेछ। दफा ७ को उपदफा (६)) वा (७) को हकमा सोही उपदफामा उल्लेख भएका कागज .... समेत संलग्न राखी सम्बन्धित कार्यालयले आवश्यक ठानेका अन्य विवरण सहित पेश गर्नु पर्नेछ ।

(३) आयोजना माग गर्दा प्रस्तावित सिंचित क्षेत्र प्रति डिप ट्यूववेल तराई, भित्रि मधेश तथा भावर क्षेत्रमा ३० हेक्टर, पहाडी क्षेत्रको भूभागमा १० हेक्टर, प्रति .... पावर ड्रिल स्यालो ट्यूववेल तराईमा कम्तिमा २.५ हेक्टर, भित्रि मधेश तथा भावर क्षेत्रमा २ हेक्टर र पहाडी क्षेत्रको भूभागमा ०.५ हेक्टर हुनुपर्नेछ र प्रति स्यालो ट्यूववेल तराईमा कम्तिमा २ हेक्टर, भित्रि मधेश तथा भावर क्षेत्रमा १.५ हेक्टर र पहाँडी क्षेत्रको भूभागमा ०.५ हेक्टर हुनु पर्नेछ ।

(४) डिप ट्यूववेल सिचाई आयोजना माग गर्ने कृषकहरुले आयोजना माग गर्दा प्रस्तावित सिंचित क्षेत्रको प्रति हेक्टर रु. ५००।– का दरले अग्रिम रकम (upfront cash) समेत साथै बुझाउनु पर्नेछ । आयोजना स्वीकृत नभएमा जम्मा गरेको अग्रिम रकम सम्वन्धित उपभोक्ता कृषकलाई फिर्ता गरिनेछ । यसरी आयोजना स्वीकृत भएमा अग्रिम रकम तोकिए बमोजिमको जनसहभागिताको अंशको रुपमा खर्च गरिने वा आयोजना सम्पन्न भएपछि आयोजना सञ्चालन तथा मर्मत सम्भारमा खर्च



सचिव

हुनेगरी जल उपभोक्ता समूहलाई फिर्ता दिइनेछ । स्यालो ट्यूववेल तथा पावर ड्रिल स्यालो ट्यूववेल आयोजना माग गर्दा कुनै अग्रीम रकम बुझाउनु पर्ने छैन ।

(५) कार्यालयले यस दफा वमोजिम पेश भएका योजना माग विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र अद्यावधिक गरि सार्वजनिक गर्नुपर्नेछ ।

७. <u>आयोजना छनौट विधि</u> : (१) आयोजना आर्थिक, सामाजिक, वातावरणीय तथा प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(२) आयोजना माग गर्ने कृषकहरुले आयोजना सञ्चालन भएपछि एक हिउँदे बाली सहित वर्षमा कम्तिमा दुई बाली लगाउने प्रतिवद्धता गरेको हुनु पर्नेछ ।

(३) सिंचाइका अन्य वैकल्पिक स्रोत नभएका स्थानलाई प्राथमिकता दिइनेछ ।

(४) आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायबाट माग भएको क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।

(५) सतह सिंचाइ प्रणालीको सिंचित क्षेत्र भित्र परेको तर सिंचाइ सुविधा उपलब्ध हुन नसकेको वा वाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्र भित्र सतह सिंचाइ र भूमिगत सिंचाइ प्रणालीको एकीकृत प्रयोगको लागि आयोजना छनौट गर्न सकिनेछ । तर सोको लागि सम्बन्धित सिचाई कार्यालयवाट सहमति तथा समन्वयमा सिंचित क्षेत्रको गणना दोहोरो नहुने गरि मिलाउनु पर्नेछ ।

(६) भू-स्वामित्वको आधिकारिक निस्सा जग्गा धनी प्रमाणपुर्जा नभएको तर कृषि योग्य जमिनको रुपमा भोगचलन गर्दै आएको भनि क्षेत्रफल समेत खुलाई सम्बन्धित स्थानीय तहबाट सिफारिश भई आएमा सो जग्गालाई सिंचित क्षेत्रको रुपमा गणना गरी आयोजना छनौट गर्न बाधा पर्ने छैन।

(७) व्यवसायिक कृषिका लागि कानून बमोजिम दर्ता भई निरन्तर कृषि गर्दै आएका निजी फर्म, कृषक समुह वा सहकारीले आफ्नै स्वामित्वको वा भाडा (lease) मा लिएको कृषि योग्य जग्गालाई सिंचित क्षेत्रको रुपमा माग भएका स्यालो ट्यूववेल वा पावर ड्रिल स्यालो ट्यूववेल आयोजना छनौट गर्न बाधा पर्ने छैन। यस प्रयोजनका लागि कम्तिमा तीन वर्षको जग्गा भाडामा लिइएको करारनामाको प्रमाणित प्रतिलिपि, जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि, जग्गा धनीको मञ्जुरिनामा कागज, सम्बन्धित स्थानीय तहको सिफारिश पत्र र कार्यालयले तोकेका अन्य विवरण समेत पेश गर्नु पर्नेछ ।

८. <u>सम्भाव्यता अध्ययन सम्बन्धी व्यवस्था</u> : (१) कार्यालयले आयोजनाको लागि माग दर्ता भएपछि माग गरिएको क्षेत्रको हाइड्रोजियोलोजिकल अवस्था, स्थानीय आवश्यकता तथा सिंचाइको अन्य वैकल्पिक सम्भाव्यता समेतको आधारमा आयोजना पहिचान तथा प्राथमिकीकरण गर्ने कार्य गर्नु पर्नेछ ।

(२) पहिचान भएका आयोजनाहरु प्राथमिकताका आधारमा सम्भाव्यता अध्ययनका लागि छनौट गर्नु पर्नेछ।



सचिव

(३) .........

(४) सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) मा आयोजनाको आर्थिक, सामाजिक, वातावरणीय तथा प्राविधिक अध्ययनको सारासं समेत संलग्न गरि अनुसूची -३ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन तयार गर्ने क्रममा आवश्यकताका आधारमा भू-भौतिकि सर्भे (Geo Physical Survey) वा अन्वेषणात्मक ट्यूववेल निर्माण वा दुवै विधि अवलम्वन गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिमको प्रतिवेदनमा आयोजनामा निर्माण गर्दा आवश्यक पर्ने सबै प्रकारका संरचनाहरुको विवरण, ड्रइङ तथा डिजाइनहरु र अनुमानित लागत पनि समावेश गर्नु पर्नेछ ।

तर स्वीकृत वार्षिक कार्यक्रममा समावेश भईसकेका नयाँ आयोजनाहरुको हकमा अनुसूची - ४ बमोजिमको प्रतिवेदन मन्त्रालयबाट स्वीकृत भइसके पछि मात्र कार्यान्वयन गरिनेछ ।

(७) उपदफा (४) बमोजिमको प्रतिवेदनमा आयोजनाको कूल लागत, कार्यान्वयन हुने आयोजनाका कृषकहरु र कार्यालयले व्यहोर्नु पर्ने लागतको अनुपात रकम समेत स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ ।

(८) यो कार्यविधि लागू हुनु पूर्व आंशिक संरचना निर्माण भई क्रमागत रुपमा रहेका आयोजनाहरुको हकमा उपदफा (४) बमोजिमको प्रतिवेदन आवश्यक पर्ने छैन ।

९. <u>आयोजनाको सिफारिस तथा स्वीकृति</u> : (१) दफा ८ बमोजिमको प्रतिवेदनबाट संभाव्य देखिएका आयोजनाहरु सिफारिस सहित स्वीकृतिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस भई आएका आयोजनाहरु आर्थिक, प्राविधिक, सामाजिक तथा वातावरणीय हिसाबले उपयुक्त तथा कार्यान्वयनका दृष्टिकोणले सहज र दिगो हुने देखिएमा त्यस्ता आयोजनाहरु कार्यान्वयनका लागि मन्त्रालयले स्वीकृत गरी सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ । मन्त्रालयले कार्यालयबाट सिफारिश भई आएका आयोजनाका सम्बन्धमा थप स्पष्ट हुन आवश्यक देखेमा सम्वन्धित विषय विज्ञ वा सम्बन्धित कार्यालयसँग परामर्श वा समन्वय गर्न सक्नेछ । कम लागत तथा मितव्ययी आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।

(३) स्वीकृत आयोजनालाई प्राथमिकताका आधारमा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

(४) मन्त्रालयबाट आयोजना स्वीकृत भएको जानकारी सम्बन्धित कार्यालयमा प्राप्त भएको जानकारी कार्यालयले जल उपभोक्ता संस्थालाई गराउनु पर्नेछ ।

(५) स्यालो ट्यूववेल तथा पावर ड्रिल स्यालो ट्यूववेल सिचाई प्रणालीको हकमा ...... कार्यालयले मन्त्रालयको सहमति लिई कार्यान्वयन गर्न सक्नेछ ।



सचिव

परिच्छेद – ३

संस्था सम्बन्धी व्यवस्था

१०. जल उपभोक्ता संस्थाको गठन : (१) आयोजना स्वीकृतिको जानकारी प्राप्त भइसकेपछि उपभोक्ता कृषकहरुले जल उपभोक्ता संस्था गठन गरी दर्ता गर्ने प्रयोजनका लागि स्थानीय तहको सिफारिश सहित अनुसूचि -५ बमोजिमको निवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार जल उपभोक्ता संस्था गठन गर्दा जल उपभोक्ता कृषकहरुको आम भेला गराई कम्तिमा ९ (नौ) सदस्य रहने गरि संस्था गठन गर्नु पर्ने छ। जल उपभोक्ता संस्था गठन गर्दा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिलाइ आमन्त्रण गर्न सकिनेछ।

(३) जल उपभोक्ता संस्था गठन गर्दा संभव भए सम्म देहायका कुराहरुलाई सम्बोधन हुने गरि गठन गर्नु पर्नेछ :-

(क) उपलब्ध भएसम्म संस्थामा एक तिहाई महिलाको प्रतिनिधित्व,

(ख) सबै जात, जाती, दलित र पिछडिएका वर्गको प्रतिनिधित्व,

(ग) आयोजनाले समेट्ने क्षेत्रको सकभर समानुपातिक प्रतिनिधित्व ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको जल उपभोक्ता संस्थालाई सम्वन्धित कार्यालयले अनुसूची - ६ बमोजिमको जल उपभोक्ता संस्था गठनको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपभोक्ता संस्था दर्ताका सम्बन्धमा एकरुपता ल्याउन मन्त्रालय वा कार्यालयले नमुना विधान बनाई सहजिकरण गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको संस्था अन्तर्गत रहने गरी प्रत्येक डीप ट्यूववेल वा स्यालो ट्यूववेलका लागि छुट्टाछुट्टै जल उपभोक्ता समूहको गठन गर्न सकिनेछ ।

(७) जल उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्था संस्थाको विधानमा उल्लेख भए अनुसार हुनेछ।

११. जल उपभोक्ता संस्थासँग सम्झौता: (१) सम्बन्धित कार्यालयले आयोजना सम्झौता हुनु पूर्व उपभोक्ताहरुको भेला गराई आयोजनाको अनुमानित लागत, सम्पन्न हुन लाग्न सक्ने अवधि, आयोजनामा निर्माण हुने संरचनाहरु तथा आयोजनामा उपभोक्ताहरुले व्यहोर्नु पर्ने लागतको अनुपात, आयोजनाको नियमित सञ्चालन तथा सुरक्षा आदि जस्ता महत्वपूर्ण विषयहरु बारे जानकारी गराउनु



सचिव

पर्नेछ। यसरि कार्यालयले उपभोक्ताको भेला गराउन सम्भव नभएमा संस्थाको पदाधिकारीहरुलाई मात्र उपस्थित गराई जानकारी गराउन वाधा पर्ने छैन।

(२) आयोजनाको निर्माण कार्य शुरु हुनु पूर्व सम्बन्धित कार्यालय र जल उपभोक्ता संस्थाको बीचमा आयोजना कार्यान्वयन, लागत अनुपात तथा सञ्चालन समेतका सम्बन्धमा स्पष्ट खुलाई अनुसूची -७ बमोजिमको सम्झौता गर्नु पर्ने छ। यसरी सम्झौता गर्दा सम्भव भएसम्म प्रस्तावित आयोजना स्थलमा उपभोक्ता कृषकहरुको रोहबरमा गर्न सकिनेछ।

(३) दफा ७ को उपदफा (७) बमोजिम छनौट भएका आयोजनाको हकमा सम्बन्धित कृषक समूह वा निजी फर्म वा सहकारीसँग दफा १२ बमोजिमको लागत व्यहोर्ने गरी सम्झौता गर्नु पर्नेछ।

१२. <u>अनुदान तथा लागत बाँडफाड सम्बन्धि व्यवस्था</u> : (१) भूमिगत जल सिंचाइ प्रणालिमा अनुदान तथा लागत बाँडफाड सम्बन्धि व्यवस्था अनुसुची – ७(क) मा तोकिए बमोजिम हुनेछ ।

(२) .......

(३) ......

(४) उपदफा (१) बमोजिम उपभोक्ता कृषकहरुले व्यहोर्नु पर्ने जनसहभागिता नगद वा श्रमदान वा दुवै हुन सक्नेछ ।

(५) आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गाको व्यवस्था सम्बन्धित जल उपभोक्ता संस्थाले गर्नु पर्नेछ ।

परिच्छेद – ४

## <u>आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्था</u>

१३. <u>आयोजनाको कार्यान्वयन चरणवद्ध रुपमा गरिने</u> : (१) आयोजनाको कार्यान्वयनको पहिलो चरणमा दफा १४ बमोजिम डिप ट्यूववेल वा स्यालो ट्यूववेल निर्माण कार्य गरिनेछ। ट्यूववेल टेष्टिङ्ग भए पछी मात्र दफा १५ बमोजिम पम्पिङ्ग टेष्ट डाटाका आधारमा अन्य संरचनाहरुको निर्माण दोश्रो चरणमा गरिनेछ ।

(२) आयोजना कार्यान्वयन गर्दा स्थानीय सिप, साधन तथा श्रमको अधिकतम उपयोग गरिनेछ ।



सचिव

१४. <u>प्रथम चरणको निर्माण कार्य</u> : (१) सम्पन्न डीप ट्यूववेलमा तराईमा कम्तिमा १५ लिटर प्रति सेकेण्ड, भित्री मधेश वा भावर क्षेत्रमा कम्तिमा १० लिटर प्रति सेकेण्ड र पहाडी क्षेत्रमा कम्तिमा ५ लिटर प्रति सेकेण्ड डिस्चार्ज भएको डीप ट्यूववेललाई सफल डीप ट्यूववेल मानिनेछ ।

(२) सम्पन्न स्यालो ट्यूववेल वा पावर ड्रिल स्यालो ट्यूववेलमा तराईमा कम्तिमा ६ लिटर प्रति सेकेण्ड, भित्री मधेश वा भावर क्षेत्रमा कम्तिमा ४ लिटर प्रति सेकेण्ड र पहाडी क्षेत्रमा कम्तिमा २ लिटर प्रति सेकेण्ड डिस्चार्ज भएको ट्यूववेललाई सफल स्यालो ट्यूववेल वा पावर ड्रिल स्यालो ट्यूववेल मानिनेछ ।

(३) उपदफा (१) ..... बमोजिमको काम सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले पम्पिङ्ग टेष्ट सहितको डीप ट्यूववेल सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ। यस प्रतिवेदनमा ट्यूववेलको डिस्चार्ज र ड्र-डाउन स्पष्ट उल्लेख हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनका आधारमा सम्बन्धित कार्यालयले ट्यूववेलको सफल भए नभएको अध्ययन गरि दफा १५ बमोजिमको दोस्रो चरणको कार्य गर्ने नगर्ने सम्वन्धमा निक्यौंल गर्नु पर्नेछ ।

(५) एक पटक निर्माण सम्पन्न भई कुनै कारणवश पानी आउन नसकेका असफल ट्यूववेल रहेको स्थानमा वा ट्यूववेल सफल भई दफा १५ बमोजिमका संरचनाहरु निर्माण भई संचालनमा आई सकेका आयोजनामा कुनै कारणवश ट्यूववेल बिग्रन गएको अवस्थामा अन्य वैकल्पिक सिँचाई प्रणालीको विकास हुन नसकेको तथा उपभोक्ता कृषकहरुले माग गरेको अवस्थामा कार्यालयले सो को मुल्याङ्कन गरी भू-भौतिक (geo-physical) वा अन्य कुनै विधिवाट अध्ययन पश्चात सम्भव देखिएमा पून: ट्यूववेल निर्माण गर्न सक्नेछ ।

(६) उपदफा (१) र (२) मा उल्लेख भए भन्दा कम डिस्चार्ज भएको ट्यूववेलहरुमा पानीको उपलब्धता, स्थानीय आवश्यकता र उपभोक्ता कृषकहरुको मागको आधारमा उपलब्ध पानीको सदुपयोग गर्न निर्माण भएका ट्यूववेलहरुमा आवश्यक न्यूनतम थप संरचना निर्माण गर्न बाधा पर्ने छैन ।

१५. <u>दोस्रो चरणको निर्माण कार्य</u> : (१) दफा १४ बमोजिम प्रथम चरणको कार्य सम्पन्न प्रतिवेदनका आधारमा दोस्रो चरणको कार्य प्रारम्भ गरिनेछ।

(२) डिप ट्यूववेलको हकमा पम्पघर, आवश्यकता अनुसार RCC ओभरहेड टयांक, सवमरसिवल पम्प खरिद तथा जडान, ट्रान्सफरमर सहितको विद्युतीकरण, ....... पानी वितरण प्रणाली निर्माण गरिनेछ ।पावर ड्रिल स्यालो ट्यूववेलको हकमा सानो पम्पघर, आवश्यकता अनुसारको सबमर्सिबल पम्प तथा एसेसोरिज जडान कार्य सपन्न गरिनेछ ।

सचिव

(३) स्यालो ट्यूववेलको हकमा आवश्यकतानुसारको विघुत/डिजेल पम्पिङ्ग सेट वा सोलार पम्प सेट जडान कार्य सम्पन्न गरिनेछ। सानो पम्पघर, पानी वितरणका लागि आवश्यकतानुसार फिल्ड च्यानल वा फ्लेक्जिबल पाईपको व्यवस्था उपभोक्ता कृषक समुहले गर्नु पर्नेछ ।

(४) स्थलगत सर्भेक्षण तथा डिजाइन अन्तर्गत सम्वन्धित उपभोक्ता समितिको संलग्नतामा विद्युत प्रसारण लाईन तथा वितरण प्रणालीको रेखाङ्कन, लेभल सर्भे वा ट्राभर्स लाईन सर्भे गरी प्रस्तावित आउटलेट भल्भहरु र डीप ट्यूववेल रहेको स्थानको एकिन गरी अभिलेख राख्नु पर्नेछ ।

(५) ................

(६) स्थलगत सर्भेक्षण तथा पम्पिङ्ग टेष्टले दिएको डिस्चार्ज, ड्र-डाउन लगायतका तथ्याङ्कहरुको आधारमा आयोजनाको बास्तविक सिंचित क्षेत्र रेखाङ्कन/निर्धारण तथा निर्माण हुने पम्पघर, ओभरहेड ट्यांक, सवमरसिवल पम्प र पानी वितरण प्रणालीको आवश्यक डिजाइन तयार गर्नु पर्नेछ ।

(७) दफा १४ को उपदफा (६) बमोजिम निर्माण गरिने न्यूनतम थप संरचना निर्माणका लागि नयाँ प्रविधि वा अन्य कुनै वैकल्पिक प्रविधि अनुसारका वैकल्पिक संरचनाहरु तयार गरी न्यूनतम खर्चमा उपलब्ध पानीको सदुपयोग हुने गरी संरचना निर्माण गर्न सकिनेछ ।

(८) विद्युतीकरण सर्भेक्षण कार्य नेपाल विद्युत प्रधिकरणवाट गराउन पर्ने देखिएमा आयोजना क्षेत्रको सेक्टर तोकिएको प्राधिकरणको कार्यालयमा अनुरोध गर्न सकिनेछ । यसरी अनुरोध भई आएमा नेपाल विद्युत प्राधिकरणको कार्यालयले आफ्ना प्राविधिक कर्मचारी खटाई आयोजना क्षेत्रको विद्युतीकरण सर्भेक्षण कार्य गरिदिनु पर्नेछ । आर्थिक र प्राविधिक रुपले सम्भाव्य देखिएमा विद्युत वाहेकका अन्य वैकल्पिक उर्जाद्वारा पनि पम्प जडान गर्न गराउन सकिनेछ ।

(९) .........

१६. <u>कार्य सम्पन्न प्रतिवेदन</u> : (१) आयोजना सम्पन्न पश्चात् कार्यालय र जल उपभोक्ता संस्था सम्मिलित टोलीले आयोजनाको परीक्षण (test run) गर्नु पर्नेछ।

(२) आयोजना सम्पन्न भईसकेपछि कार्यालयले आयोजनाको आर्थिक, प्राविधिक, भौतिक, वातावरणीय र सामाजिक विवरणहरु समेत समावेश गरी ........... आयोजना सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको कार्य सम्पन्न प्रतिवेदन मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

१७. <u>आयोजना हस्तान्तरण</u> : (१) आयोजना अन्तर्गतको प्रत्येक ट्यूववेल सिंचाइ प्रणालीको निर्माण कार्य सम्पन्न भए पश्चात् जल उपभोक्ता संस्थालाई ट्यूववेलबाट निर्मित एकल सिंचाइ प्रणाली वा पृथक



सचिव

पृथक रुपमा निर्माण गरिएका ट्यूववेललाई एकमुष्ठ गरी अनुसूची - ८ बमोजिमको फाराममा उल्लेख भएका विवरण भरी हस्तान्तरण गर्नु पर्नेछ ।

(२) कार्यालयले आयोजना हस्तान्तरणको क्रममा उपभोक्ता कृषकहरुवाट लिएको अग्रिम रकम (Upfront Cash) बापतको रकम कट्टा गर्नु नपर्ने अवस्था भएमा पूरै रकम वा कट्टा गर्नु पर्ने देखिएमा कट्टा गरी बाँकी रहन गएको रकम उपभोक्ता समूहको वैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

## परिच्छेद – ५

## आयोजनाको सञ्चालन, मर्मत सम्भार तथा दिगो व्यवस्थापन

१८. आयोजना सञ्चालन तथा मर्मत सम्भार : (१) उपभोक्तालाई हस्तान्तरण गरिएको आयोजनाको सामान्य मर्मत सम्भार, नियमित सञ्चालन र सुरक्षाको सम्पूर्ण प्रवन्ध सम्वन्धित उपभोक्ता संस्थाले गर्नु पर्नेछ ।

(२) डिप ट्यूववेल आयोजनाका उपभोक्ता कृषकहरुको आर्थिक तथा प्राविधिक क्षमता नभएमा वा काबु बाहिरको परिस्थिति सिर्जना भई उपभोक्ता कृषकहरुबाट मर्मत सम्वन्धि कार्यहरु गर्न सम्भव नभएको भनि औचित्य सहित कार्यालयलाई अनुरोध गरेमा ट्रान्सफर्मर, वैकल्पिक उर्जाद्धारा संचालित पम्प तथा सोलार प्यानल, प्यालनबोर्ड, सवमरसिवल पम्प मोटर, पानी वितरण प्रणाली तथा आउटलेट मर्मत/प्रतिस्थापन, पुराना आयोजनाहरुको पुनर्स्थापना गर्न तथा आयोजनाको दिगो तथा प्रभावकारी व्यवस्थापनका लागि कृषकहरुको क्षमता अभिबृद्धि तालिम संचालन गर्न कार्यालयले मन्त्रालयको सहमति तथा समन्वयमा आवश्यक रकम मर्मत/संभार तथा संस्थागत विकास खर्च शीर्षकमा छुट्याई अनुरोध बमोजिमका कार्य गर्न सक्नेछ ।

(३) कार्यालयले आयोजना सञ्चालनमा आवश्यक पर्ने प्राविधिक कुराहरु, अपनाउने विधी/प्रक्रिया सम्वन्धमा उपभोक्ता कृषकहरुलाई सामान्य प्रशिक्षण उपलब्ध गराउन सक्नेछ ।

(४) दफा ७ को उपदफा (७) बमोजिम छनौट भई निर्माण सम्पन्न भएका आयोजनाको मर्मत/संभारको सम्पूर्ण दायित्व सम्बन्धित निजी फर्म, कृषक समूह वा सहकारीको हुनेछ ।

१९. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था : (१) सरोकारवाला निकायले आयोजना निर्माण कार्यको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। यसरी अनुगमन तथा निरीक्षण गर्न खटिएका कर्मचारीलाई उपभोक्ता संस्था तथा समुहहरुका प्रतिनिधिले सहयोग गर्नु पर्नेछ ।

(२) अनुगमन तथा निरीक्षणको क्रममा आयोजना सञ्चालन तथा व्यवस्थापनमा उत्कृष्ट काम गर्ने उपभोक्ता संस्थाहरुको अभिलेख संकलन गरी उचित सम्मान र पुरस्कारको व्यवस्था गर्न सकिनेछ ।

सचिव

२०. डाटावेस (Data base) तैयारी : (१) प्रत्येक ट्यूववेल आयोजना सम्पन्न भइसकेपछी उक्त आयोजनाको प्राविधिक, सामाजिक, वातावरणीय तथा कृषि सम्बन्धी तथ्याङ्क संकलन गरी सम्बन्धित कार्यालयले डाटावेसलाई अद्यावधिक गर्नेछ ।

(२) कार्यालयले आयोजना सम्पन्न पश्चात उक्त आयोजनाको मुख्य विशेषता समेटिएको विवरण तयार गरी सार्वजनिक रुपमा देखिने गरी पम्प घरमा राख्नु पर्नेछ ।

(३) कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र भूमिगत जलस्रोत सम्वन्धि अध्ययन अनुसन्धान गर्न भू-भौतिकि सर्भे (Geo Physical Survey), अन्वेषणात्मक ट्यूववेल निर्माण गर्न र उपलव्ध ट्यूववेलवाट भूमिगत जलसम्बन्धी प्राविधिक तथ्याङ्क (जल गुणस्तर, वाटर लेभल इत्यादि) संकलन तथा विश्लेषण गर्नु पर्नेछ ।

(४) कार्यालयले प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदनको साथमा आफ्नो कार्य क्षेत्र अन्तर्गत पर्ने जिल्लाका भूमिगत सिंचाई विकास सम्बन्धी प्रतिवेदन समेत तयार गरि मन्त्रालयमा पठाउनु पर्नेछ ।

२१. तालिमको व्यवस्था : (१) मन्त्रालय तथा कार्यालयले उपभोक्तालाई आयोजनाको दिगो व्यवस्थापनका सम्वन्धमा क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद – ६

## विविध

२२. निर्देशन पालना गर्नुपर्ने : आयोजना कार्यान्वयनको सम्बन्धमा मन्त्रालय वा कार्यालयले दिएको निर्देशन पालना गर्नु सम्वन्धित जल उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

२३. आयोजना दोहोरो पर्न नहुने : संघ र स्थानीय तहबाट सञ्चालन भई रहेका आयोजनामा दोहोरो नपर्ने गरी आयोजनाको छनौट गर्नु पर्नेछ ।

२४. विवादको समाधान : आयोजना निर्माणको क्रममा कुनै विवाद उत्पन्न भएमा कार्यालयले सो विवादको समाधान गर्नु पर्नेछ । कार्यालयबाट विवाद समाधान हुन नसकेमा मन्त्रालयले त्यस्तो विवादको समाधान गर्न सक्नेछ । मन्त्रालयले विवाद समाधान सम्बन्धमा गरेको निर्णय यस कार्यविधि बमोजिमका कार्यका लागि अन्तिम हुनेछ ।

२५. बाधा अड्काउ फुकाउ : यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

२६. बचाउ : भूमिगत सिचाई प्रणाली आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारको नर्म्स, डिजाईन, गाईड लाईन नबनेसम्म नेपाल सरकार वा अन्तर्गतका निकायहरुले स्वीकृत गरेका अध्ययन,



सचिव

सर्भेक्षण तथा निर्माण सम्बन्धी नर्म्स तथा डिजाईन, गाईड लाईन प्रयोग गरी गरेका कार्यहरु यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

२७. प्रचलित कानून बमोजिम हुने : (१) यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्व सम्बन्धी तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

सचिव

## अनुसूची

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### आयोजना माग फाराम

श्रीमान्

कार्यालय प्रमुख ज्यू ,

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय ………………….।

विषय : ………………… टयूबवेल सिंचाइ आयोजना लागू गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा यस डिभिजन कार्यालयबाट सञ्चालित भूमिगत जल सिंचाइ अन्तर्गतको …. टयूबवेल सिंचाइ आयोजनाको सम्बन्धमा हामीलाई जानकारी हुन आयो ।….. जिल्ला …. पालिका वडा नं. … को हामी उपभोक्ता कृषकहरुको जग्गामा हालसम्म सिंचाइको कुनैपनि सुविधा नभएको तथा …. टयूबवेलबाट सिंचाई सुविधा लिन इच्छुक भएकोले उपभोक्ता कृषकहरुको भेला गरि "भूमिगत जल सिंचाई आयोजना कार्यन्वयन कार्यविधि २०७७"मा उल्लेख भएका शर्तहरुका अलावा तपसिल बमोजिमका बुँदाहरुमा समेत मञ्जुर भई यस क्षेत्रको …. विघा/रोपनी (… हेक्टर) जमिनका हामी सम्पूर्ण उपभोक्ता कृषकहरु मिली जल उपभोक्ता संस्था बनाई …. टयूबवेल सिंचाइ आयोजना उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. उपभोक्ता कृषक समुहले आफ्नो लगानीमा स्यालो टयूबवेलको हकमा सानो पम्पघर, पानी वितरणका लागि आवश्यकतानुसार फिल्ड च्यानल वा फ्लेक्जिवल पाईपको व्यवस्था गर्ने छौं।

२. आयोजना सञ्चालन भएपछि एक हिउँदे बाली सहित वर्षमा कम्तिमा दुई बाली लगाउने प्रतिवद्धता गर्दछौं।

३. आयोजनाको सिंचित क्षेत्रमा विना रोकतोक सिंचाई गर्न दिन तथा टयूबवेल सिंचाई प्रणालीको नियमित संचालन र मर्मत सम्भारमा सामुहिक दायित्व स्वीकार गर्ने छौं।

यसै निवेदनका साथ हामीले सम्पूर्ण उपभोक्ता, घरपरिवार/जग्गा, लागत फारम पाना ….. र उपभोक्ता कृषक भेलाको निर्णयको प्रतिलिपि पाना ….. संलग्न राखी निवेदन पेश गरेका छौं।

जल उपभोक्ता समितिका पदाधिकारीहरुको नामावली

| सि.नं. | पद | नाम, थर | हस्ताक्षर | मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सम्बन्धित स्थानीय तहको तर्फबाट

माथि उल्लेखित जल उपभोक्ताको खेतीयोग्य क्षेत्रमा सिंचाईको कुनै पनि व्यवस्था नभएको तथा सिंचाईको लागि अन्य कुनै योजनाहरु संचालन भएका छैनन् र अन्य बैकल्पिक व्यवस्था समेत उपलब्ध नभएको व्यहोरा सिफारिश साथ अनुरोध छ।

सिफारिश गर्ने:

हस्ताक्षर:

कार्यालयको छाप

नाम:

पद:

मिति:

सचिव

(दफा ६ को उपदफा(२) सँग सम्बन्धित)

<u>सिंचाइ गर्ने क्षेत्रको लगत फारम</u>

जल उपभोक्ता संस्थाको नाम :      प्रस्तावित सिंचित क्षेत्र :      घरधुरी संख्या :

ठेगाना : .............. .......पालिका वडा नं.      जनसंख्या :      महिला :      पुरुष :

| क्र.सं. | उपभोक्ताको नाम | नागरिकता नं. | जग्गाको क्षेत्रफल | कित्ता नं. | परिवार संख्या | पुरुष | महिला | मुख्य आयश्रोत | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

जल उपभोक्ता संस्थाको अध्यक्षको नाम र हस्ताक्षर :

छाप :

सचिव

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची ३

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

सम्भाव्यता अध्ययन प्रतिवेदनको नमूना

EXECUTIVE SUMMARY, SALIENT FEATURES

1. INTRODUCTION

1.1. PROJECT BACKGROUND

1.2. OBJECTIVES AND SCOPE OF THE STUDY

1.3. SUB-PROJECT AREA

2. TECHNICAL ASSESSMENT AND DESIGN

2.1 WATER RESOURCE ASSESMENT

2.2 CROP WATER REQUIREMENT

2.3 SURVEY AND INVESTIGATION CONCLUDED

2.4 ENGINEERING SYSTEM DESIGN

3. AGRICULTURE

3.1 LAND USE

3.2 CROPPING PATTRN, INTENSITY AND CROP YIELD

3.3 AGRICULTURAL DEVELOPMENT IN THE SUB-PROJECT AREA

3.4 EVALUATION OF AGRICULTURAL BENEFITS

4. SOCIO ECONOMIC PROFILE

4.1 DEMOGRAPHIC CHARACTERISTICS

4.2 ECONOMY AND ECONONIC ANALYSIS

4.3 ENVIRONMENTAL ASSESSMENT

5. PROJECT COST AND IMPLEMENTATION MODALITY

5.1 RATE ANALYSIS AND COST ESTIMATE

5.2 ANALYSIS OF COSTS AND BENEFITS

5.3 IMPLEMENTATION MODALITY

6. CONCLUSION AND RECOMMENDATION

7. ANNEXES



सचिव

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

अनुसूची ४

(दफा ८ को उपदफा (६) सँग सम्बन्धित)

## स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको योजना कार्यान्वयन स्वीकृतिका लागि तयार गरिने प्रतिवेदनको नमूना

1. **Hydro geological and Sociological Information of Project**
   1.1. Hydro-Geological Information
   1.2. Sociological Information

2. **Construction of DTW**
   2.1. DTW Drilling and Testing

3. **Pump House & Overhead Tank**
   3.1. Pump house with MS Fittings
   3.2. Overhead Tank

4. **Water Distribution System**
   4.1. UPVC System

5. **Electromechanical work**
   5.1. Electrification Items
   5.2. Submersible pump motor and accessories

**Annex**

Demand form of WUA

Agreement paper between office and WUA

Tentative project cost estimate

Maps and drawings

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

सचिव

अनुसूची - ५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**उपभोक्ता संस्था दर्ताको लागि दिईने दरखास्त फाराम**

लुम्बिनि प्रदेश सरकार
भैतिक पूर्वाधार विकास मन्त्रालय
भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय ...............

मिति :

**विषय : उपभोक्ता संस्था दर्ता गरी पाउँ ।**

श्रीमान्,
कार्यालय प्रमुख ज्यू ,
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय ................

सिंचाइको सामूहिक उपयोग समेतको लागि उपभोक्ता संस्था दर्ता गर्न आवश्यक परेकोले सिंचाइ नियमावली, २०५६ को नियम ३ को उपनियम (१) बमोजिम रु. १००।- दस्तुर तथा उपभोक्ता संस्थाको विधान दुई प्रति समेत यसै साथ संलग्न राखी यो दरखास्त दिएका छौं ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :-
२. उपभोक्ता संस्थाको उद्देश्य :-
३. योजनाको नाम :-
४. उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :-

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

५. उपभोक्ताहरुको मंजुरी लिखत :-
६. अन्य आवश्यक कुरा : (कुनै भए उल्लेख गर्ने) ।

माथि उल्लिखित विवरण ठिक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त
दिने पदाधिकारीको -
पूरा नाम थर .......................
पद ..................................
हस्ताक्षर ............................
ठेगाना ..............................



सचिव

अनुसूची - ६

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

लुम्बिनि प्रदेश सरकार
भैतिक पूर्वाधार विकास मन्त्रालय
भूमिगत जलश्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय ...............

उपभोक्ता संस्था दर्ता प्रमाणपत्र नं.

मिति :

**जल उपभोक्ता संस्था प्रमाणपत्र**

श्री ......................
......................

जल उपभोक्ता संस्था दर्ता गर्नको लागि त्यस जल उपभोक्ता संस्था तदर्थ समितिले मिति ............... मा दिएको निवेदनको सम्बन्धमा कारवाही हुँदा सिंचाइ नियमावली, २०५६ को नियम ३ बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. उपभोक्ता संस्थाको नाम र ठेगाना :
२. उपभोक्ता संस्थाको उद्देश्य : सिचाई
३. उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :

| पद | नाम |
|---|---|
| अध्यक्ष | |
| उपाध्यक्ष | |
| सचिव | |
| सह-सचिव | |
| कोपाध्यक्ष | |
| सदस्य | |
| सदस्य | |
| सदस्य | |
| सदस्य | |
| सदस्य | |
| सदस्य | |

४. उपभोक्ता संस्थाले उपयोग गर्ने संरचना : भूमिगत ट्युववेल सिचाई कार्यक्रम अन्तरगत निर्मित ट्युववेल सिचाई संरचनाहरु

**प्रमाणपत्र दिने अधिकारी**

.............................
(.............................)
(कार्यालय प्रमुख)

......................
कार्यालयको छाप

सचिव

## संस्था नविकरणको विवरण

| क्र.सं. | नविकरण मिति | नविकरण बहाल रहने मिति | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सचिव

अनुसूची - ७

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## कार्यालय र जल उपभोक्ता संस्थाबीचको सम्झौता

लुम्बिनि प्रदेश सरकार, भैतिक पूर्वाधार विकास मन्त्रालयबाट मिति ........... मा .................. ट्यूबवेल सिंचाइ योजना स्वीकृत भएको हुँदा उक्त योजना कार्यान्वयन गर्नको लागि यस भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय........... र .................. जिल्ला ............ ............पालिका, वडा नं. ........ को श्री .................. जल उपभोक्ता संस्था बीचमा तपसिल अनुसारको दायित्व तथा सहभागिता वहन गर्ने/गराउने गरी आज मिति ................ मा यो सम्झौता सम्पन्न भएको छ।

**क) जल उपभोक्ता संस्थाको दायित्व :**

१) तपसिल तालिकामा उल्लेख भएवमोजिम जनसहभागिता (नगद वा श्रमदान वा दुवै) वापत व्यहोर्नु पर्ने अंश उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेछ।

२) योजना कार्यान्वियनको लागि आवश्यक पर्ने जमिन सम्बन्धित जल उपभोक्त संस्थाले निशुल्क व्यवस्था गर्नु पर्नेछ।

३) योजना कार्यान्वयको क्रममा उठेको विवाद, गुनासा तथा समस्याहरुलाई डिभिजन कार्यालय र जल उपभोक्ता संस्थाले छलफल गरी समाधान गर्नु पर्नेछ।

४) योजना निर्माणस्थलमा खटिआएको कार्यालयका कर्मचारी तथा कामदारहरुलाई सहयोग र सुरक्षा तथा निर्माण उपकरण र सामाग्रीको सुरक्षा सम्बन्धित उपभोक्ता संस्थाले गर्नु पर्नेछ।

५) डिभिजन कार्यालयले दिएको निर्देशन सम्बन्धित उपभोक्ता संस्थाले पालना गर्नु पर्नेछ।

६) योजनाको निर्माण कार्य समयमै गुणस्तर ढंगले सम्पन्न गर्न उपभोक्ता संस्थाले नियमित रुपमा अनुगमन र निरिक्षण गर्नुपर्ने।

७) योजनाको निर्माण कार्य सम्पन्न भइसकेकोपछि उक्त योजनाको परीक्षण गरी उपभोक्ता संस्थाले बुझिलिनु पर्नेछ।

८) सञ्चालन र मर्मत-संभारमा लाग्ने खर्च उपभोक्ता संस्थाले आफै व्यहोर्नु पर्नेछ।

**ख) डिभिजन कार्यालयको दायित्व :**

१) तपसिलको तालिकामा उल्लेख भएवमोजिम योजनाको लागत खर्चको अंश व्यहोर्नु पर्नेछ।

२) पहिलो चरणमा योजना अन्तर्गतको ट्यूबवेल निर्माण कार्य र दोस्रो चरणमा पम्प जडान, विद्युतीकरण र पम्पघर तथा पानी वितरण प्रणालीजस्ता निर्माण कार्यहरु सम्पन्न गर्नु पर्नेछ।

३) पहिलो चरणमा योजना अन्तर्गतको ट्यूबवेल निर्माण कार्य सम्पन्न भए पश्चात प्राप्त पम्पिङ्ग टेष्टको तथ्याङ्को (डिस्चार्ज/ड्डाउन) आधारमा, तथा भूमिगत जल सिचाई योजना कार्यान्वयन कार्यविधि, २०७७ को अधिनमा रही उपभोक्ता संस्थासँग छलफल गरी दोस्रो चरणमा निर्माण गरिने संरचनाको संसोधित डिजाइन र वास्तविक सिंचित क्षेत्रको निर्क्यौल गरी सम्बन्धित उपभोक्ता संस्थालाई जानकारी गराउने र सोही वमोजिम दोस्रो चरणमा निर्माण गरिने संरचनाको निर्माण गर्नु पर्नेछ।

४) योजना निर्माणको क्रममा विशेषत: आउटलेटको संख्या र स्थान, पानी वितरण प्रणालीको लम्वाई तथा विद्युतीकरणको लम्बाईका सम्वन्धमा उपभोक्ता संस्थासँग छलफल गर्नु पर्नेछ।

५) निर्माण कार्य सम्पन्न भइसकेपछि उपभोक्ता संस्थाको उपस्थितिमा योजनाको अन्तिम परीक्षण (Test Run) भए पश्चात सिचाई प्रणाली सम्बन्धित उपभोक्ता संस्थामा हस्तान्तरण हुनेछ।

६) हस्तान्तरित योजनाको दिगो व्यवस्थापन, सञ्चालन, मर्मत, सम्भार, उपयोग र सुरक्षा जस्तो विषयहरुमा आवश्यक तालिमहरुको व्यवस्था गर्न सकिनेछ।

सचिव

## योजनाको अनुमानित लागत विवरण:

| क्रस | निमार्ण कार्य | ईकाई | अनूमानित कूल लागत (रु) | कार्यालयको लागत | | ज.उ.स.को जनसहभागिता | | जनसहभागिता | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रतिसत | (रु) | प्रतिसत | (रु) | नगद(रु) | श्रमदान(रु) | |
| १. | ट्युववेल निर्माण कार्य | | | | | | | | | |
| २. | पम्प र प्यानल बोर्ड जडान कार्य | | | | | | | | | |
| ३. | ट्रान्सफर्मर तथा विद्युतीकरण जडान कार्य | | | | | | | | | |
| ४. | ओभर हेड ट्याङ्क, पम्पघर तथा एम.एस. फिटिङ | | | | | | | | | |
| ५. | पानी वितरण प्रणाली | | | | | | | | | |
| ६. | अन्य कार्यहरु | | | | | | | | | |
| | कूल लागत | | | | | | | | | |

सम्झौताका हस्ताक्षर गर्ने:

कार्यालयको तर्फबाट

१.कार्यालय प्रमूख:

२.हाइड्रोजियोलोजिष्ट

३.इन्जिनियर

४.लेखा प्रमूख

जल उपभोक्ता संस्थाको तर्फबाट

१. अध्यक्ष

२. उपाध्यक्ष

३. सचिव

४. कोषाध्यक्ष

सचिव

(दफा १२ को उपदफा (१) संग सम्बन्धित)

## ट्यूववेल सिंचाई प्रणालीमा अनुदान तथा लागत बाँडफाड सम्बन्धि व्यवस्था

| सिंचाई प्रणालीको किसिम | उपभोक्ता कृषकहरुले व्यहोर्नु पर्ने जनसहभागिता | | |
|---|---|---|---|
| | ट्यूववेल निर्माण, पम्प मोटर, एसेसोरिज जडानको काममा लागतको प्रतिशत | पम्पघर, ओभरहेड ट्याङ्क, एम.एस. फिटिङ्ग, पानी वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतिकरणको काममा लागतको प्रतिशत |
| (क) आयोजना नया निर्माण | | | |
| डिप ट्यूववेल | ० | ५ | ० |
| पावर ड्रिल स्यालो ट्यूववेल, स्यालो ट्यूववेल, ईनार | ० | - | - |
| (ख) आयोजना मर्मत संभार तथा सुदृढीकरण | | | |
| डिप ट्यूववेल | ० | ५ | ० |

द्रष्टव्य:-

१. स्यालो तथा डिप ट्यूववेलको विद्युत महशूल र सञ्चालकको खर्च सम्बन्धित उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेछ ।

२. ट्यूववेल निर्माण लगायतका अन्य संरचना निर्माणका लागि आवश्यक जग्गा सम्बन्धित उपभोक्ता संस्थाले नै उपलब्ध गराउनु पर्नेछ ।

३. पावर ड्रिल स्यालो ट्यूववेल, स्यालो ट्यूववेल, ईनारको हकमा सम्बन्धित उपभोक्ता संस्थाले नै आफ्नो लगानीमा आवश्यकता अनुसार सानो पम्पघर, पानी वितरणका लागि फिल्ड च्यानल वा फ्लेक्जिवल पाईपको व्यवस्था गरी पानी संचालन गर्नु पर्नेछ ।

सचिव

अनुसूची-१

(दफा १७ को उपदफा (१) संग सम्बन्धित)

लुम्बिनि प्रदेश सरकार

भौतिक पुर्वाधार विकास मन्त्रालय

भुमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

.........................................

## योजना हस्तान्तरण फाराम

उपरोक्त सम्बन्धमा जिल्ला ...................गा.पा..................वडा नं..........को................जल उपभोक्ता संस्था अन्तर्गतको ..........................डिप ट्युववेल सिंचाइ प्रणाली निर्माण कार्य सम्पन्न भइसकेको छ । मिति..........................मा ...................डिभिजन कार्यालय र ......................जल उपभोक्ता संस्थाको संयुक्त टोलीबाट डिप ट्युववेल सिंचाइ प्रणालीको सफल परीक्षण (Test Run) सम्पन्न भइसकेको हुनाले ........................जल उपभोक्ता समुहले आफैले नियमित सञ्चालन र उपभोग तथा मर्मत सम्भार गर्ने गरी यो डिप ट्युववेल सिंचाइ प्रणाली तपशिलमा उल्लेखित सामाग्रीहरु/संरचनाहरु सहित आज मिति.........................का दिन बुझिलिएका छौं ।

| सि.नं | संरचनाहरु | कैफियत |
|---|---|---|
| १. | ....लि./से. डिस्चार्ज रहेको, ... ब्यासको ... मिटर हाउजिंग (Housing), .... ब्यासको .... मिटर.LCG/SS/ /MS/ PVC जाली र .....ब्यासको .... मिटर सादा पाईपको प्रोडक्शन लाईन (Production Line) भएको ......गहिराईको डिप ट्युववेल | |
| २. | ... ईन्च ब्यासको ... मिटर लम्बाईको GI/MS कोलम पाइप, ... सिरियल नं. ... ह.पा. को ... कम्पनीको सवमर्सिबल मोटर र पम्प, ... मि.मि. ब्यास-थ्री कोरको ... मिटर लम्बाईको सवमर्सिबल तार, ... ह.पा.को प्यानल वोर्ड | |
| ३. | ... सिरियल नम्बरको ... के.भिए. को ...कम्पनीको ट्रान्सफर्मर, ...गोटा कन्क्रिट पोल सहितको ... मिटरको थ्री फेजको विद्युतीकरण प्रसारण लाइन | |
| ४. | आर.सि.सि. ओभरहेड ट्यांक सहित को पम्प घर, ... ब्यासका एम. एस. फिटिङ्स् ... ब्यासको ... मिटरको यु.पी.भि.सि.पाइप विस्तार, ... गोटा अल्फा भल्भ/बटरफ्लाई भल्भ सहितको आउटलेट, ...... गोटा सर्ज राइजर सहितको पानी वितरण प्रणाली | |

बूझाउने:

कार्यालय

१.कार्यालय प्रमूख

२.जिन्सी शाखा प्रमूख

३.इन्जिनियर

४.हाइड्रोजियोलजिष्ट

बूझिलिने:

जल उपभोक्ता समुह

१. अध्यक्ष

२. उपाध्यक्ष

३. सचिव

४. कोषाध्यक्ष

लुम्बिनी प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय राप्ती उपत्यका(देउखुरी), दाङ

सचिव